# गृहविभागको विज्ञप्ति

## केही देशद्रोहीहरूको घातक कुचेष्टा

०८।१०।१०

अस्ति माघ ८ गतेको राती ११।३० बजेमा रक्षादलका केही जवानहरूले डा. के. आई. सिंहसँग मिली डाक्टरलाई बन्दीघरबाट मुक्त गराई शहरको केही भागको बिजुली बन्द गरी रक्षादलमा विद्रोह गर्ने कोशिश गरे। डा.के.आई. सिंहले मुक्त हुनासाथ स्थानीय जेलमा गई सबै कैदीहरूलाई छोडी सिंहदरवार फर्केर कब्जा गरे। सिंहदरवारमा रक्षादल बृगेडमा रहेका हात-हतियारको सहारा लिई तोपखाना; गड्डाघर कब्जा गर्ने प्रयास गरे। उता सबै मन्त्रीहरूले खबर पाएपछि राती नै श्री ५ महाराजाधिराजको बुलाहटमा नारायणहिटी दरवारमा गई यो विद्रोह दमनको प्रयास गर्नुभयो। अन्दाजी ११ बजे दिउसोदेखि सरकारबाट तोपखाना, गड्डाघर, आकाशवाणी, टेलिफोनहरू आफ्ना कब्जामा गरेपछि सिंहदरवारतर्फ कब्जा गर्न बढे, के. आई. सिंह भागेको सुराक लाग्यो। के. आई. सिंह अलिकति रक्षादलका भाँडिएका जवानहरूलाई लिएर बागमतीको बाटो गरी दहचोकतिर बढेको खबर पाएपछि राष्ट्रिय सेना पीछा गर्दै गएको र जेलबाट मुक्त भई भागी यो विद्रोह मचाउने मुख्य अग्निप्रसाद खरेल र टेकबहादुर मल्ल पकडिए।

× × ×

हिजो रक्षादलका जवानले गोलमाल गरी हातहतियारहरूसमेत जथाभावी फ्याँकिदिएको हुँदा सो र अरू लाइसेन्स नभएको समेत हातहतियारहरू कसैले ल्याई राखेको र ली हिंडेको समेत देखेजाने, बुझे, थाहा पाएसम्म स. पु. गो. मा तुरुन्त जाहेर गर्नुहोला। जाहेर नगरी दबाएको प्रकाश हुन आएमा सख्त कारवाई हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ९३०

यही माघ ८ गतेको रातमा सदर जेलखाना र खोरबरहरूबाट निस्केका कैदी थुनुवाहरूलाई सूचित गरिन्छ कि तिमीहरू बाटोको म्यादबाहेक ३ दिन-भित्र आफू निस्केको ठाउँमा हाजिर हुन आएनौ भने आफैं भागेको ठहरी ऐन-बमोजिम सजाय पाउनेछौ ।

## राहदानी, सभा र जुलूसमा प्रतिबन्ध

०८।१०।१०

आजदेखि ३ दिनसम्म राहदानीबाट बाहिर जाने मानिसहरूलाई साधारणतया राहदानी दिइनेछैन। अत्यावश्यक कामका निम्ति कसैलाई राहदानी चाहिएमा माननीय गृहमन्त्रीकै अफिसबाट लिनुपर्दछ ।

आफ्नु विधिव्यवहार सनातन चलिआएको कामबाहेक कसैले अरू कुनै किसिमको प्रोसेशन, सभा मिटिङ गर्न जुलुस निकाल्न आजका मितिले ३ दिनसम्म गर्न पाइँदैन । माथि लेखिएबमोजिम कसैले प्रोसेशन सभा मिटिङ गर्न परेमा श्रीगृहमन्त्रीजीको आदेश लिनुपर्दछ ।

०८।१०।११।५

माथिल्ला दर्जाका पुलीस अफिसरको तालिमीको निमित्त उम्मेदवारहरूको आवेदनपत्रहरु चाहिएका छन । २० देखि २५ वर्षसम्मका निरोगी कमसेकम म्याट्रीकुलेशन पास गरेका उम्मेदवारहरूले आजको एक महीनाभित्र पुग्ने गरी सेक्रेटरी गृहमन्त्रालय सिंहदरवार छेउ आवेदनपत्रहरू बाहिर खाममा पुलीस अफिसरको तालिम भन्ने समेत लेखी हुलाकद्वारा आवेदनपत्रहरू पठाउनुहोला । उपरोक्त योग्यता हुनुभएकाले गृहमन्त्रालयमा र पुलीसविभागमा अगावै दर्खास्त दिसक्नुभएको भए फेरि दर्खास्त दिनुपर्दैन । आवेदनवालाहरूसँगको भेटलाई तार, टेलिफोन तथा आकाशबाणीद्वारा सूचित गरिनेछ ।

सेक्रेटरी—गृहमन्त्रालय

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।